नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**योजना तथा अनुगमन शाखा**

फो.नं.
४२०००००
४२००३२३
सिंहदरबार काठमाण्डौं

प.सं. ०७५/७६
च.नं. ८०६

मितिः- २०७५/११/२८

विषयः- *राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड सम्वन्धमा ।*

श्री स्थानीय तह, सवै ।

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको च.नं. ६५४ मिति २०७५/११/१३ को पत्रवाट प्राप्त "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५" को जानकारि सवै स्थानीय तहहरुमा गराईदिन भनि लेखि आएको हुँदा सो मापदण्ड जानकारीका लागि यसैसाथ संलग्न गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(अनिल किराती)
शाखा अधिकृत

*वोधार्थः*
श्री सूचना तथा प्रविधि शाखा,
मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।

## राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५

मिति: २०७५/११/०९

वन ऐन, २०४९ ; वन नियमावली, २०५१ र राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नेसम्बन्धी कार्यविधि, २०७४ को प्रयोजनको लागि सामाजिक एवम् भौतिक पूर्वाधार आयोजनाहरुको छनौट एवम् कार्यान्वयन कार्यलाई सहज, समयबद्द र प्रभावकारी बनाउन राष्ट्रिय प्राथमिकता प्राप्त निर्धारण गर्ने कार्यको लागि यो मापदण्ड तयार गरी जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** यस मापदण्डको नाम "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड २०७५" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना भन्नाले सरकारी, निजी वा सार्वजनिक निजी साझेदारीमा संचालन हुने आयोजनालाई सम्झनु पर्दछ।

३. **राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हुन पुग्नुपर्ने न्यूनतम मापदण्ड:** कुनै आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त भनी निर्धारण गर्नुपर्ने भएमा आयोजना छनौट हुनासाथ कार्यान्वयनमा जानु भन्दा अगाडि तपसील अनुसारको मापदण्ड पुगेको हुनुपर्नेछ:

(क) विस्तृत आयोजना प्रतिवेदन तयार भएको।
(ख) श्रोत/लगानी सुनिश्चितता भएको प्रमाण।
(ग) चालु आवधिक योजनाले राष्ट्रिय प्राथमिकता निर्धारण गरेको क्षेत्रभित्र परेको अवस्था।
(घ) आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन वा प्रारम्भिक वातावारणीय परीक्षण सम्पन्न भएको।
(ङ) सम्वन्धित मन्त्रालयको सचिवस्तरीय निर्णय भएको।

४. **निर्णय प्रक्रिया:** दफा ३ को प्रक्रिया पुगेको कुनै आयोजना राष्ट्रिय प्राथमिकता भएको वा नभएको निर्धारण देहाय अनुसार हुनेछ:

क) राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष स्वीकृत गर्ने वार्षिक विकास कार्यक्रममा उल्लेखित प्राथमिकता एक (P1) र प्राथमिकता दुई (P2) आयोजनाहरु राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना रहेको व्यहोरा वन तथा वातावरण मन्त्रालय लगायत सबै मन्त्रालयमा जानकारी गराउने। यी आयोजनाहरुको हकमा सम्बन्धित मन्त्रालयहरुले सिधै वन तथा वातावरण मन्त्रालयमा सिफारिश गर्ने।

ख) आयोगले प्रत्येक वर्ष स्वीकृत गर्ने वार्षिक विकास कार्यक्रममा उल्लेखित प्राथमिकता एक (P1) र प्राथमिकता दुई (P2) आयोजनाहरु बाहेकका राष्ट्रिय आयोजना बैंकमा सूचिकृत भै विश्लेषण भएका आयोजनाहरुका हकमा विषय क्षेत्र हेर्ने माननीय सदस्यको सिफारिसमा आयोगले आवश्यकताको आधारमा राष्ट्रिय प्रथामिकता भए नभएको निर्धारण गर्नेछ।

ग) प्रादेशिक प्रथामिकतामा रहेको आयोजनालाई राष्ट्रिय प्राथमिकता भएको नभएको निर्धारण गर्नुपर्ने भएमा सम्बन्धित प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयको निर्णयपश्चात प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने।

घ) स्थानीय तहको प्राथामिकतामा रहेका आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त भएको नभएको निर्धारण गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको गाउँ/नगरसभाबाट स्वीकृत भएका र सोही पालिकाले सिफारिस गरेपश्चात संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने।

ङ) गैरसरकारी क्षेत्र वा सामाजिक विकासका लागि समुदायबाट संचालन गर्ने रु दस करोड भन्दा बढी लागतका आयोजनाको हकमा आयोजना संचालन गर्ने स्थानीय तहको कार्यपालिकाको निर्णय गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने।

च) निजी क्षेत्र वा सार्वजनिक निजी साझेदारीमा संचालन हुने व्यावसायिक आयोजनाको हकमा कम्पनी ऐन अनुसार उद्योग विभाग/घरेलु तथा साना उद्योग कार्यालयहरुमा दर्ता भई स्थायी लेखा नम्बर प्राप्त गरेपश्चात सम्बन्धित संघीय मन्त्रालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने।

५. **खारेजी तथा बचाऊ:** क) वि.सं. २०७४ मा स्वीकृत भएको 'राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारणका आधारहरु' खारेज गरिएको छ।

ख) 'राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारणका आधारहरु' अनुसार भए गरिएका कामहरु यसै मापदण्ड अनुसार गरिएको मानिनेछन्।